# दुहवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुहवी, सुनसरी
## उद्यम विकास सहज कर्ता छनौटका लागि करार सेवामा दरखास्त अह्वान गरिएको सूचना

**प्रकाशित मिति २०७७०७२४**

यस दुहवी नगरपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले प्राविधिक कर्मचारी उद्यम विकास सहज कर्ताको आवश्यक भएकाले सहजकर्ता खुल्ला छनौट विधिद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका कुनै वात कसूर नलागेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको ३:०० बजे सम्म राजस्व तिरेको रसिद र तपसिल वमोजिमको कागजात सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. विज्ञापन नं. र पद संख्या

| सि.न. | विज्ञापन नं. | पद | तह | सेवा /समुह | माग संख्या |
|---|---|---|---|---|---|
| १ | ०४/०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायक पाचौ | प्राविधिक | १ |
| २ | ०५/०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | प्राविधिक | १ |

२. सेवाको किसिम : करार सेवा।

३. दुहवी नगरपालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने।

४. पासपोर्ट साइजको फोटो २ प्रति ।

५. नेपाली नागरिकताको प्रमाण पत्रको छायाँ कपी

६.आवश्यक न्यूनतम शैक्षिक योग्यता : प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT) वाट मान्यता प्राप्त उद्यम विकास सहज कर्ता सम्वन्धि डिप्लोमा कोर्ष उतिर्ण सहायक पाचौ को लागि र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद वाट उद्यम विकास सहजकर्ता शिप परीक्षण तह २ वा ३ उतिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद वाट मान्यता प्राप्त उद्यम विकास सहज कर्ता सम्वन्धि प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उतिर्ण गरेको सहायक चौथोको लीग।

७) नेपाल सकारले स्थापना गरेको श्रम सूचना बैंकमा सूचिकृत भएका उद्यम विकास सहज कर्तालाई प्राथमिकता दिइने छ ८. तलब सुविधा तथा अन्य सेवा शर्त : यस कार्यालय सँग भएको सम्झौता अनुसार।

९. उम्मेदवारको उमेर दरखास्तको अन्तिम मिति सम्ममा पुरुष १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महिला १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

१०. उम्मेदवारको छनौट विधि :शैक्षिक योग्यता/ अन्तरवार्ता।

शैक्षिक योग्यता वापत : बिशिष्ट श्रेणी ५० अङ्क, प्रथम श्रेणी ४५ अङ्क, द्वितीय श्रेणी ४० अङ्क, तृतीय श्रेणी ३५ अङ्क अन्तरवार्ता वापत : २० अङ्क, स्थानीय लाई : १० अङ्क।

८. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान : दुहवी नगरपालिकाको कार्यालयमा ।

९. परीक्षा दस्तुर रु. ६००। (छ सय) ।

१०. दरखास्त फारम भर्ने अन्तिम मिति २०७७०८०८ गते सम्म।

११. परीक्षा दस्तुर बुझाउने प्रकृया : दुहवी नगरपालिकाको राजश्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त साथ पेश गर्नु पर्नेछ।

१२. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार दुहवी नगरपालिकालाई हुनेछ।

१३. स्थायी पदपूर्ति भइ आएमा यस विज्ञापन वाट लिएका करार सेवाको पद स्वत समाप्त हुनेछ।

१४.रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही स्वयम आफै हुनु पर्नेछ

१५) आवेदनको ढाँचा र कार्य विवरण र अन्य जानकारीको लागि दुहवी नगरपालिकाको प्रशासन शाखाको मो.नं. ९८५२०३०५०२ मा सम्पर्क गर्न हुन।